कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक १ | ने. सं. ११३१ दिल्लागा द्वदशी बुधवाः | २०६८ साउन ११ गते बुधवार (Jul- 27, 2011) | मुल्य : ५/- (न्यातका)

## कर्मचारी आन्दोलन बेमौसमी बाजाः *कीर्तिपुरका दलका नेताहरू*

# कीर्तिपुर नगरपालिकामा अल्टिमेटमै अल्टिमेटम

कीर्तिपुर सन्देश /

गत असार २४ र २५ गते राती अबेरसम्म सम्पन्न भएको कीर्तिपुर नगरपालिकाको १६ औं नगरपरिषदले खासै ठोस निर्णय गर्न नसक्दा कीनपामा समस्या उत्पन्न भएको छ।

सर्वप्रथम त नगरपालिकाका कर्मचारीहरूले खाइपाई आएका भत्ता र तेल सुविधा कटौती गरी दुई महिनाभित्र शक्तिसम्पन्न सर्वदलिय छानविन समिति निर्माण गर्ने निर्णय गरेको थियो । एक हप्तासम्म पनि छानविन समिति निर्माण नहुँदा कर्मचारीहरूले कार्यकारी अधिकारीलाई १५ दिने अल्टिमेटम दिए । जुन अल्टिमेटममा राजनैतिक संयन्त्रका प्रतिनिधिहरूले हचुवाको भरमा निर्णय गरेको भन्ने आरोप लगाएको थियो । सो सम्बन्धमा कीर्तिपुर नगरपालिकामा कृयाशिल राजनैतिक संयन्त्रका नेताहरूसँग जिज्ञासा राख्दा उहाँहरूले राख्नु भएको प्रतिकृया यस्तो छ।

शम्भुराम महर्जन (प्रतिनिधी एमाओवादी) – 'कीर्तिपुर नगर पालिकामा करारमा कार्यरत कर्म–चारीहरूको सम्बन्धमा काम गर्न सक्नेलाई मानवीय आधारमा तलव बढाई स्थायी प्रकृयामा लैजाने काम गर्न नसक्नेहरू र चाहिनेभन्दा बढी कर्म–चारी भए गोल्डेन हैण्डसेक गरी पठाउने कुरा उठ्दा एउटा पार्टीका नेताले तलब नपुगे जागीर छाडेर जान भनेपछि विवाद उठेको हो।

कसैलाई १५०० सय तलव कसैलाई खाईपाई आएको तलवमा पनि १२ प्रतिशत प्रोत्साहन भत्ता र तेल खर्चसमेत लिनु असमानता हो भन्ने कुरा उठ्दा भत्ता र तेल खर्च कटाउने निर्णय भएको हो । नगरपालिकाका कर्मचारीहरूले जनताको काम नगरेको र भ्रष्ट भन्ने कुरा आएपछि अधिकृतले प्रमाण माग्नु भयो। र अहिलेको नगर परिषदनै गैर कानूनी भएको जानकारी दिनुभयो। किनभने नियमावली अनुसार हरेक पार्टीको ५ जना प्रतिनिधिमा कम्तीमा २ जना महिला प्रतिनिधी हुनु पर्नेमा एमाओवादीमा बाहेक कुनै पार्टीको महिला प्रतिनिधीनै थिएन ।कार्यकारी अधिकृतले आफ्नो अधिकार प्रयोग गर्न नसकेको र दलहरूमा एकता नभएकोले विकासको काम नभएको हो । कर्म–चारीले खाईपाई आएको भत्ता घटाउने कुरा हुँदैन। छिट्टै संयन्त्रको वैठक बसेर यो सम्बन्धमा निर्णय गरिने छ।'

राजकुमार नकर्मी (नेपाली कांग्रेस प्रतिनिधी) – 'कर्मचारीको भत्ता र सुविधा



कटौती गर्ने कस्तो परिस्थितीमा भयो बुझ्न जरुरी छ। कर्मचारीको काम कारवाहीबाट जनता सन्तुष्ट नभएको महसुस भयो। राजनैतिक संयन्त्र भनेको जनताका प्रतिनिधी हुन। *बाँकी ६ पेज*

**सन्देश चित्र**



**कीर्तिपुरका कलाकारहरुको नाटक 'लाखे क्वःथैगु' हेटौडामा**

*पेज २*



**कीर्तिपुरमा घण्टाकर्ण र लाखे नाच**

*पेज ७*



**नेपाः राष्ट्रिय पार्टी कीर्तिपुरमा विस्तार**

*पेज ८*

भर्ना खुल्यो ! विहानी सत्रमा !! भर्ना खुल्यो !!!

**कक्षा ११ मा नयाँ भर्ना खुल्यो**

- Management
- Education
- Humanities

ADMISSION OPEN FOR GRADEXI

For detail information please call
Principal
4330880/4331982

सस्तो शुल्क र छात्रबृतिको लागि सम्पर्क गर्नुहोस, विश्वसनियताको लागि एकचोटी अवश्य पाल्नुहोस ।
प्रचार्यः नन्दकुमारी महर्जन (९८५१०८७७३०)

**जनसेवा उच्च माध्यामिक विद्याल**
पांगा, कीर्तिपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

S.L.C., + 2 / Campus मा समेत उत्कृष्ट नतिजा हासिल गर्न सफल यस मङ्गल उच्च मा.वि. तथा बहुमुखी क्याम्पस कीर्तिपुरमा कक्षा ११ मा भर्ना खुल्यो, सिट सिमित छ ।

| Faculty: | Subjects: |
|---|---|
| -Management | - Hotel Management |
| -Education | - Computer Science |
| -Humanities | - Mass Communication |

- कक्षा सञ्चालन श्रावण १ गते देखि हुनेछ ।
- सम्पर्क समयः विहान ६ बजेदेखि ११ बजेसम्म

**मंगल उच्च मा.वि.**
**मंगल बहुमुखी क्याम्पस**
कीर्तिपुर,फोन नं : ४३३०५४४

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी

प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com

;DkfbsLo

# नगरपरिषद्ले निम्त्याएको समस्या

भरखरै मात्र कीर्तिपुर नगरपालिकाको १६ औं नगरपरिषद्बाट जगेडा कोषको सवालमा अमूर्त निर्णय भएका कारण दलका नेता कार्यकर्ताहरु मात्र नभई जनता समेत निराश भएका छन् । आः आफ्नो पार्टीका नेताहरुले आफूहरुको चाहना अनुसार निर्णय गर्न नसकेको कार्यकर्ताहरुले ठहर गर का छन् भने जगेडा कोष जस्तो विकासका लागी अत्यन्तै महत्वपूर्ण पक्षलाई मूर्त रुप दिन नसकेको दलका नेताहरु दुरदृष्टि हुन नसकेका कारण भनी बुद्धिजीवीहरुले समेत टिप्पणी गर्न थालेका छन् । जगेडा कोषको पहिलो चर णको कार्य सम्पन्न भएपछि मत्रै दोस्रो चरण हुँदै तेस्रो चरणका लागी रकम आउने भएका कारण विकास निर्माणका लागी अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

नगरपरिषद् सम्पन्न भएको करिव एक महिना बित्न लाग्दापनि दलका नेताहरु र नगरपालिकाका कार्यकारी तथा प्रमुखको एक चरणको बैठक पनि बस्न नसक्नु, परिषदले विनियोजन गरेको बजेटलाई हालसम्म पनि सार्वजनि गर्न नसक्नु दलका नेता तथा कार्यकर्ताहरुका लागी मात्र नभई सम्पूर्ण कीर्तिपुरवासीका लागी पनि चिन्ताको विषय बनेको छ । त्यस्तै गरी आफ्नो सुविधा कटौटी गरेको भन्दै स्वयं नगरपालिकाका कर्मचारीहरुले अल्टिमेटम समेत दिनुलाई पनि परिषद्ले जन्माएको समस्याका कारण भन्न सकिन्छ । अहिले जुन ढंगबाट कीर्तिपुर नगरपालिकाको बजेट र नगरपारिषद्को विषयमा समस्या सृजना भएको छ सो विषयमा समयमै समाधान गर्न सरोकारवालाहरु क्रियाशिल नभए कर्मचारीदेखि कीर्तिपुरवासीले समेत नगरपालिकामा प्रतिनिधित्व गर्ने दलका स्थानीय नेताहरुलाई राम्रो आँखाले नहेर्न सक्ने कुरालाई ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

# प्रकाशकीय

कीर्तिपुर क्षेत्रबाट एउटा खोज मूलक पत्रिका प्रकाशित गर्ने उद्देश्य लिएर कीर्तिपुरको पहिचान, कीर्तिपुरको गौरव प्रचार प्रसार गर्ने अभियानमा कीर्तिपुर सन्देश प्रकाशित भएका हुन । यस क्रममा हामीले नमूना अंकको रुपमा १ देखि ५ अंकसम्म प्रकाशित गरिसकेका छौं । यस अवधिमा विद्वान पाठकवर्ग, विज्ञापनदाताहरूको अटुट सहयोग पाएका छौं । सबैले विश्वास गरेका कारण पत्रिकालाई निरन्तरता दिन हामी सफल भएका छौं ।

पाठक वर्ग र शुभचिन्तकहरूको सुझाव सल्लाहले गर्दा हामीलाई पत्रिका प्रकाशित गर्न साहस पनि आएको छ । अब कीर्तिपुर सन्देशलाई नियमित प्रकाशित गर्दै लैजान दर्ता प्रक्रियामा पनि गयौं । ५ अंकसम्म निकाली सक्दा हामीले काठमाण्डौं जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता गर्न सफल भयो । त्यहाँबाट हामीले अस्थायी दर्ता प्रमाण पत्र र दर्ता नं पायौं । यो खुशीको कुरा हो । अबदेखि फेरि १अंक देखि ६ अंकसम्म प्रकाशित गरीसकेपछि स्थायी प्रमाणपत्र पाउनेछौं । त्यसैले अहिलेसम्म प्रकाशित भएका अंकहरूलाई नमूना अंक मानि यस अंकदेखि फेरि अंक १ बाट सुरु हुनेछ । यसलाई अन्यथा नलिनु हुन अनुरोध गर्दछु ।

यस कीर्तिपुर सन्देश मार्फत हामी कीर्तिपुरका ऐतिहासिक, पर्यटकीय, शैक्षिक क्षेत्र इत्यादिको अध्ययन गरी त्यसको प्रचार प्रसार गर्ने छौं । कीर्तिपुर क्षेत्रमा हावी हुँदै गएका विकृति विसंगतिलाई पनि उजागर गर्दै लानेछौं । हुनत खोज पत्रिकारिता एउटा जोखिम काम हो । सत्यतथ्य समाचार प्रकाशित गर्दा अप्ठ्यारोमा परेकाहरूले कति पत्रकारहरूको ज्यान लिइसकेको हामीलाई थाहा भएकै कुरा हो । तर ज्यानको डरले सत्यतथ्य कुरा लुकाएर अर्काको प्रशंसा मात्र गर्नुपनि त पत्रकारिता होइन ।

कीर्तिपुरको सानोभन्दा सानो घटनालाई पनि उजागर गरी जनता समक्ष लैजाने हाम्रो यस अभियानमा तपाईंको निरन्तर सहयोग पाउने अपेक्षा राख्दछु ।

# कीर्तिपुरका कलाकारहरुको नाटक 'लाखे क्वःथैगु' हेटौडामा



हेटौडामा आसर १७-२२ गतेसम्म नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा हेटौडामा ६ वटा भाषाका ९ वटा नाटक मंचन भइ सम्पन्न भएको छ । आयोजक नेपाल संगीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानका कुलपति अम्बर गुरुङले महोत्सवको उद्घाटन गर्नु भएको थियो ।

**नाटक मञ्चन पछि हेटौडावासी नेपालभाषा जान्ने र नजान्नेहरुको एउटै प्रतिक्रिया रहयो "लाखेक्वःथैगु" नाटकले हेटौडालाई छोयो । नेपालभाषा बुझ्ने अनि बोल्न हिच्किचाउनेहरुले पनि भाषा बोल्नु पर्दोरहेछ भनी महसुस गरे । यसरी आफ्नै मातृभाषामा आफ्नै आँगनमा उत्कृष्ट मञ्चन भएको नाटक हेर्न पाएकोमा हेटौडावासी प्रसन्न रहयो ।**



नेपालभाषा, मैथिली, भोजपुरी, मगराती, अवधि र नेपाली भाषाका नौ वटा नाटकमा काठमाडौं कीर्तिपुरबाट नेपालभाषा एकेडेमी प्याखँ दबू ऐतिहासिक पुणाङ्गी नाटक 'लाखे क्वःथैगु ' ले नेपालभाषाको प्रतिनिधित्व गरेको थियो । कीर्तिपुरको सात गाउँ जात्राको ऐतिहासिक लोककथामा आधारित संस्कृतिविद सत्यमोहन जोशीद्वारा लिखित कीर्तिपुरका दुई दर्जन कलाकार हरूद्वारा अभिनित 'लाखे क्वःथैगु' नाटक शुभशान्ति बज्राचार्यको निर्देशनमा महोत्सवको तश्रो दिन असार १९ गते मञ्चन भएको थियो ।

पौराणिक कालको कीर्तिपुरको कथामा आधारित यो नाटकमा कीर्तिपुर का सात गाउँ तापख्य -मच्छेगाँ, किपुल्चा, सतुंगल, बोसिगाँ, ल्होंखा, सिंद्व, ब्वस्याचामा पसि राक्षसले जथाभावी मान्छे मारेर खान थालेपछि हैरान भइ कीर्तिपुरवासीले राक्षससँग सम्झौता गर्छन । पालैपालो गरी घर धुरीबाट दिनैपिच्छे एक जना राक्षसको आहारा बन्न आफै जानु पर्ने चलन चलाए । तर एक दिन भर्खरको युवा त्यसमा पनि आफ्नो मायालु प्रेमिकालाई त्यागी मृत्यु वरण गर्नु पर्ने दोधारमा परी घर बाट टाढा गई बस्छन र प्रेमिका ले यो कुरा थाहा पाई युवालाई लुकाई राख्छ र पछि द्वारेबाट खोज्न पठाएका पहरि याहरूले गाउँको द्वारे सभामा युवा लाई उभ्याइन्छ र युवालाई अनेक प्रकारले पालो बस्न जान प्रयत्न गर्दा पनि युवाले केही प्रतिक्रिया नजनाई चुपचाप बसी दिनाले, युवाको आमा (गुणवती)ले आफ्नो कुल बचाउन आफै पालो बस्न जाने सभामा कबुल गर्छिन र सभाले मञ्जुर गर्छन । बुढी आमै राक्षसको आहारा बनी मर्नु पर्ने भएकोले मन दुःखीत पार्दै आफ्ना इष्टदेवी इन्द्रायणी देवीको प्रार्थना गर्छिन । राक्षस आइ खान खोज्दा कवं (कंकाल) र ख्याकसँगै इन्द्रायणी प्रकट हुन्छिन र राक्षसलाई बध गरी राक्षसबाट कीर्तिपुरवासीलाई मुक्त गराइ दिइन । यसै परम्पराले कीर्तिपुरमा इन्द्रायणी जात्रा चल्दै आइर हेको लोक कथन छ ।

यसै कथालाई नाटकमा गंगा महर्जन, उमेश महर्जन, कृष्ण महर्जन, कविता महर्जन, विक्रम महर्जन, मदन श्रेष्ठ, राजकुमार महर्जन, रोनित महर्जन, सबिना महर्जन, जितेन्द्र महर्जन, मतिना महर्जन, विकेश बज्राचार्य, राजु महर्जन, हरि गोपाल महर्जन, सरिता बज्राचार्य, एलिसा श्रेष्ठ, रश्मि नापित, गोपीलाल तुयु, प्रदीप महर्जन र शर्मिला महर्जनद्वारा जिवन्त अभिनय बाट गैर नेपालभाषाका दर्शकहरूको समेत ध्यानाकर्षण गरिएको थियो ।

धेरै नाटकहरूमा मञ्च सज्जा गरिसकेका आर्ट कन्सर्टका संघराम महर्जनको रंगमञ्च सज्जा रहेको चन्द्र महर्जनको सहयोग पनि रहेको छ ।

कीर्तिपुरका चर्चित संगीतकार ज्ञानेश्वर निभाःको संगीत रहेको तथा रत्नशोभा महर्जनको स्वरमा दुइवटा गीत रहेको छ । कृष्णमान महर्जनको वाद्यवादन र कृतिकला बज्राचार्यको मेकअप रहेको छ ।

नाटक मञ्चन पछि हेटौडावासी नेपालभाषा जान्ने र नजान्नेहरूको एउटै प्रतिक्रिया रहयो 'लाखे क्वःथैगु' नाटकले हेटौडालाई छोयो । नेपालभाषा बुझ्ने अनि बोल्न हिच्किचाउनेहरूले पनि भाषा बोल्नु पर्दोरहेछ भनी महसुस गरे । यसरी आफ्नै मातृभाषामा आफ्नै आँगनमा उत्कृष्ट मञ्चन भएको नाटक हेर्न पाएकोमा हेटौडावासी प्रसन्न रहयो ।

काठमाडौं उपत्यकामा मात्र सिमित रहने गरेको यस्तो नाटक महोत्सव नेपाल संगीत तथा नाट्य प्रतिष्ठानले उपत्यका बाहिर यसको आयोजना गरी जिल्ला जिल्लामा नाट्य परम्पराको महोत्सवको थालनी गरेको छ । यसले विभिन्न जनजातिको कला, साहित्य र संस्कृति उजागर हुनेमा दुईमत रहने छैन ।

**– सुमन**



# श्रावण १४ गते एमालेको कीर्तिपुर नगर अधिवेशन

कीर्तिपुर सन्देश/ नेपाल कम्युनिष्ट पार्टी (ए.मा.ले) कीर्तिपुर नगर कमिटीको नगर अधिवेशन यहि श्रावण १४ गते कृष्ण क्याट–रिंगको हलमा हुने भएको छ। हुनत नगर अधिवेशन हुने भनेर धेरैचोटि नगर कमिटीले निर्णय गरिसकेको छ, तर अधिवेशनको दुई तीन दिन पहिले स्थगित भएको खबर आउँथ्यो।

योभन्दा पहिले जेठ ३ गते, त्यसपछि आषाढ ३२ गते सनिवार नगर अधिवेशन हुने भनेर हल्ला चलेको थियो। प्रक्रिया नपुगेको भनेर स्थगित गरियो।

आषाढ ३१ गते बसेको नगर कमिटीको बैठकले श्रावण १४ गते नगरअधिवेशन गर्ने निर्णय गरेको भनी एक जना नगरकमिटी सदस्यले *कीर्तिपुर सन्देश*लाई जानकारी दिएको छ।

त्यस बैठकमा अनुपस्थित नगर कमिटी सदस्यले श्रावण ७ गतेसम्म आफूलाई जानकारी नभएको बतायो। अधिवेशन गर्नको लागि १५ दिन पहिलेनै सबै शाखा कमिटी अर्थात् वडा कमिटीलाई नगरअधिवेशनको एजेण्डा सहित पत्र पठाएर जानकारी दिनु पर्ने हो। यस सम्वाददाताले कतिपय वडाका वडा सचिवहरूसँग सोध्दा '१४ गते नगर अधिवेशन हुने भनेर मौखिक सूचना पाएको छु तर लिखित रुपमा अहिलेसम्म जानकारी पाएको छैन' भन्नुभयो।

२०६३ साल मंसिर महिनामा नगर अधिवेशन गरेर सुरेन्द्र मानन्धरको नेतृत्वमा सर्वसम्मतिबाट २३ सदश्यीय नगर कमिटी गठन भएको थियो। त्यसपछि जिल्ला अधिवेशन दुईचोटि भैसकेको छ। २०६५ सालमा नेकपा (एमाले) को राष्ट्रिय अधिवेशनमा सामुहिक नेतृत्वबाट संगठन चलाउने विधान पारित गरी महासचिव एक्लो पदको बदला अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिवको व्यवस्था भएको साढे दुईवर्ष बितिसक्दा पनि कीर्तिपुरमा भने नगर सचिव एक्लोले नै आफ्नो ढंगले पार्टी संचालन गर्दै आइरहेको छ।

नगर सचिवलाई आफ्नो नगर सचिव पद प्यारो छ भने उहाँले नगर अधिवेशन गराउनै चाहनु भएन। बैशाख महिनातिर जिल्ला अधिवेशन भयो। नगर सचिवबाट राजीनामा दिएर काठमाडौं जिल्ला कमिटीको उपसचिव पदमा चुनाव लड्नु भयो। त्यस निर्वाचनमा नराम्ररी हार खानु भयो। उपसचिव पदमा चुनाव लड्दा नगर सचिवबाट राजीनामा दिनुपर्ने प्रावधान छ। त्यसरी राजीनामा दिइसक्नु भएको व्यक्तिले राजीनामा दिएको छैन भनी चुनाव हारेपछि फेरि नगरसचिव पदमा बहाली रहनु भयो। गत जेठ महिनामा पार्टीको राष्ट्रिय परिषद सदस्यमा क्षेत्र नं १० बाट नगर सचिवले चुनाव लड्नु भयो। त्यस निर्वाचनमा पनि नराम्री हार खानु भयो। तैपनि उहाँले नगर सचिव पद छाड्नु भएन।

अहिले पनि नगर कमिटीका सदस्यहरूको भनाई अनुसार अहिलेसम्म नगर अध्यक्ष पदको दावेदारमा सुरेन्द्र मानन्धर एक्लै हुनुहुन्छ। १५ वडाका पुराना समर्पित कार्यकर्ता गोकुल थापालाई अध्यक्ष पदमा उम्मेदवारी दिने होइन भनेर सोध्दा कीर्तिपुर डाँडाबाट अध्यक्ष पद बाहिरकालाई दिदैंन हार्ने थाहा पाउँदा पाउँदै के उठ्ने भनेर निराशा व्यक्त गर्नुभयो। त्यस्तै अर्का व्यक्तिसँग सोध्दा हामी छलकपट गर्न जान्दैनौं। गुट उपगुट बनाउन जान्दैनौं। अहिले गुट नबनाईकन चुनाव लडेर जित्न सकिदैन। कीर्तिपुर डाँडाकाहरूको बलियो गुट छ पार्टीको हितभन्दा व्यक्तिवादी चिन्तन हावी भैसकेको छ। त्यसैले एउटा साधारण कार्यकर्ता भएर बस्ने चुनाव लडने मनसाय नभएको नाम नछाप्ने सर्तमा भन्नुभयो।

एमाले पार्टीको अहिलेको पार्टी विधान अनुसार १९ वटै वडाबाट एक एक जना, अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव गरी पदाधिकारी ४ जना, नगर भरिबाट महिला सदस्य ११ जना र दलित सदस्य १ जना गरी ३५ सदस्यिय कमिटी बन्ने छ। एमालेका एक जना पुराना कार्यकर्ताका अनुसार सुरेन्द्र मानन्धरले एमाले पार्टीलाई कीर्तिपुरमा ध्वस्त बनाईसकेको आरोप लगाएको छ। अब पनि नगरको नेतृत्व उहाँलाई नै दिने हो भने कीर्तिपुरमा एमाले समाप्त हुनेछ। त्यसैले एमाले पार्टीलाई जोगाउनको लागि आफूले उम्मेदवारी दिने एक नगर सदस्यले जानकारी दिनुभयो। तर सुरेन्द्र बाहेक अरू कोही अध्यक्ष उम्मेदवार भएमा सर्वसम्मती हुन सक्ने वताइएको छ। सायद सुरेन्द्र मानन्धरले हारको रिकर्डमा ह्याट्रिक गर्नु हुने हो कि के गर्ने हो भनेर पनि एक नगर सदस्यले प्रतिकृया जनाउनु भयो।

## नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा —— नेपाली भाषा

| | | | |
|---|---|---|---|
| सिलेगु | धुनु | मेच | कुर्सी |
| निइगु | पिस्नु | खापा/लुखा | ढोका |
| क्वाकेगु | तताउनु | बँ | भुइ |
| खँल्हायेगु | कुरा गर्नु | फोहर | फोहरमैला |
| खुइगु | च्यात्नु | भुतू | भान्छा |
| चक्कंकेगु | फैलाउनु | चुपि | चक्कु |
| च्वयेगु | लेख्नु | चुकू | चुकुल |
| च्याकेगु | बाल्नु | पुसा | बिर्को |
| ज्वनेगु | च्याप्नु | देसलाई | सलाई |
| ज्वनेगु | समाउनु | मुलु | सियो |
| छ्यलेगु | प्रयोगगर्नु | फुंगा | तकिया |
| त्वनेगु | पिउनु | रिकापी | रिकापी |
| त्वःपुइगु | छोप्नु | थल | भाडा |
| लःथ्यायेगु | पत्याउनु | सिलः | सिरक |
| लनेगु | नाप्नु | कैंची | कैंची |
| सवाः | स्वाद | सुमिचा | चम्चा |
| कायेगु | चाख्नु | स्वाहाने | भऱ्याङ्ग |
| नचुकेगु | धुलोपार्नु | तँ | तल्ला |
| पुइगु | फुक्नु | टेबल | टेबुल |
| चःबि | चर्पी | थलबल | भाँडाकुँडा |
| खाता | खात | भ्याः | भ्याल |

## कारागार डायरी–६ — नजरराम महर्जन

# २०६७/०६/०८ शुक्रवार दोस्रो दिन

## पहिलो म्याद थप

'तपाईंको खुट्टा कसरी, कहिले भाँचेको थियो ?'

'पाँच दिन पहिले आफ्नै घरको आँगनमा मकैको थियो।'

'हिरासतमा प्रहरीले तपाईंमाथि कुनै दुर्व्यवहार गऱ्यो कि ?'

'अहिलेसम्म त केही गरेको छैन। केरकारमा लगेर खुट्टा भाँच्नु पर्छ भन्छन श्रीमान।'

'त्यस्तो केही गर्न पाइदैन। त्यस्तो गऱ्यो भने मलाई भन्नुहोला। तपाईंसँग अरू कुनै रोग छ ?'

'मलाई डायबिटिज -२ रोग लागेको छ। हिजोदेखि औषधी खान पाएको छैन श्रीमान। अहिलेनै मेरो आँखा धमिलो हुन थालिसकेको छ श्रीमान।' 'के हो उहाँलाई औषधी ख्वाउनु पर्दैन ?"

'हाम्रो सेलमा राखेको होइन। हनुमान ढोकामा राखेको थिएँ। अब गएर भनूंला।' प्रहरीले जवाफ दिइन।

न्यायाधिशले फाइलमा केही लेखेर दिनुभयो। महिला प्रहरीले फाइल लिइन र बाहिर फाँटवाला कहाँ मलाई लिएर गइन। एउटा रजिष्टरमा सहि गर्न लगायो। प्रहरीहरूसँग अदालतबाट बाहिर आएँ। मलाई चिया पिउन मन लाग्यो। मैले प्रहरीहरूलाई भनें, एक कप चिया पिउँ न। तपाईंहरू पनि पिउने हो कि ?'

'होइन हामी चिया पिउँदिन। तपाईं पिउनुस।" मैले बिना चीनिको एक कप दूधवाला चिया पिएँ। एउटा चुरोट पनि सल्काएँ। पुरुष प्रहरीले ट्याक्सी खोजेर ल्यायो। त्यही ट्याक्सीमा बसेर फर्कियौं।

'कति दिनको म्याद थप्यो ?' मैले बाटोमा सोधें। 'तपाईंलाई त न्यायाधिशले माया गर्नु भएको छ। हामीले १५ दिनको म्याद मागेको थिएँ। जम्मा दिनको मात्र म्याद दिनुभयो। अब १० गते फेरि आउनुपर्छ। चाँडै खाना खाएर बस्नुहोला।'

हनुमान ढोका प्रहरी प्रभागमा मलाई जिम्मा लगाएर उनीहरू फर्के। म माथि पुग्ने बित्तिक्कै मेरो हतकडी खोलिदियो। 'कति दिनको म्याद थपे ?' कोठामा बस्ने साथीहरूले सोधे। 'पर्सिसम्मको लागि मात्र म्याद थपेको छ।'

'ए! तपाईं छुट्नु हुन्छ। अब दुईचोटि मात्र म्याद थप्न पाइन्छ। हामीलाई त पहिलो पटक १५ दिनको दोस्रो पटकको ७ दिन थपेको थियो।' अलि बुजुक टाइपको व्यक्तिले भन्यो। ३ बजे प्रहरीले मलाई फेरि बोलायो। मलाई हतकडी लगाएर तल पठायो। मलाई भेट्न छोरा र बुहारी आएका रहेछन। छोराले मलाई ओढ्ने कम्बल र ओछ्याउने म्याट ल्याएका रहेछन। मैले कम्बल फकाई दिएँ। अनि पाँगा घरको ढोकामा लगाएको ताला नतोड्नु भनें। ट्याक सुट र फेर्ने लुगा ल्याइदिनु भनें। यतिकैमा समय सकियो भनेर प्रहरीले मलाई फर्काई दियो। साँझ साढे पाँच बजेतिर 'ल तल जाउँ, तल जाउँ' भनेर एक जना प्रहरीले लट्ठी घुमाउँदैन तल चोकमा उपस्थित हुन आदेश दियो। म बिस्तारै उठें। लड्डाउँदै तल ओर्ले। मानिसले चोक भरिसक्यो। ठेलमठेल गरेर मानिसहरू बसिरहेका छन्। माथि बरण्डामा महिलाहरूलाई उभ्याइएको छ। एकजना प्रहरी हवल्दार एउटा रजिस्टर र एउटा फाइल लिएर आयो। उसले हामीलाई अर्ति दिन थाल्यो। जिन्दगीमा कहिल्यै अपराध नगर्न सुझाव दियो। थुनुवाहरूको नाम लिए गन्ति गर्न थाल्यो। सबैको हाजिर गरि सकेपछि 'ल आ-आफ्नो ठाउँमा जानु' भन्यो। केटाहरू एकैचोटि हारारा हुरुरु माथि आउन खोज्दा मलाई घचेटेर झण्डै खस्न लागेको थिएँ।

त्यो रात पनि म बरण्डामा नै बाजिगरसँग सुतें।

### २०६७/०६/०९ सनिवार – तेश्रो दिन

बिहान सबैरै उठेर नित्यकर्म गरें। चाँडै उठेन भने चर्पि प्याक हुन्छ। ब्रुश गरें। मुख धोएँ। मेरो चीनि बढेजस्तो छ। मैले औषधीनै खान पाएको छैन। न हिंड्न पाएँ। न रेडियो सुन्न पाएँ न पत्रिका नै पढ्न पाएँ। कस्तो मानसिक यातनापूर्ण दिन बिताउनु परिरहेको छ। त्यहाँ एक एक पल बिताउन मलाई गाह्रो भइरहेको छ। छोराले विहानको खाना ल्यायो। साडे नौबजे अरूले खाना खाएको समयमै मैले पनि खाना खाएँ। एकजना महिला प्रहरी आइन। उनलाई औषधी किन्न पठाएँ।

विहानको १०.३० बजेतिर एकजना सादा पोशाकको प्रहरीले मलाई लिन आयो। हतकडी नलगाइकन एक्लै बाहिर लिएर गयो। म ढोकामा पुगें। डी.एस.पी. लालमणीले मलाई भेटघाटस्थलमा लिएर गयो। त्यहाँ नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति अध्यक्ष मण्डलका सबै सदस्यहरू, मल्ल के.सुन्दर, उमेश स्थापित, पंचलाल पनि थिए। उहाँहरूले एस.पी.खरेलसँग कुरा गरिसक्नु भएको रहेछ। यो महिला सेलको मामिला हो। म्याद थपेर ल्याइसक्यो अब अदालतबाट मात्रै फैसला हुनसक्छ। यहाँबाट केही गर्न सक्नुहुन्न भन्यो। पाँच मिनेट जति कुरा गरेर उहाँहरू जानुभयो। मलाई भित्र ल्यायो। मलाई के गरुं, के गरुं भयो। मनमा अनेकौं तर्कहरू उब्जिन थाल्यो। मेरो दिमाग सुन्य भयो।

त्यसबेलादेखि प्रहरीहरूले मलाई अलि राम्रो व्यवहार गर्न थाले। अब कोठामा नबसी बरण्डामा बसिरहे पनि प्रहरीले केही भन्दैन। आज दुई जना नयाँ केटीहरू देखें। कहाँबाट समातेर ल्याएको भनेर सोधेको त ठमेलबाट यौन अपर धमा दुई जना केटाहरू सहित समातेर ल्याएको भन्यो। साँझ रोलकल हुँदा पनि मलाई तल चोकमा उभिन जान परेन। कोठाभित्रै बस्न दियो।

मेरो घरबाट पठाएको खाना कोठामै बसेर खाएँ। त्यहाँ भित्र परेका केटाहरूसँग मेरो हेमखेम बढ्यो।

कसरी कहाँबाट समातेर ल्याएको भनेर एक अर्काको दुःखका कुराहरू साटासाट हुन थाले। केही लेखुं भने कापी कलम केही पनि राख्न दिएको होइन। जतिसुकै मिल्ने साथी भएपनि फोन नम्बर टिप्न पाएको होइन। आजदेखि मलाई पनि भित्र कोठामा सुत्न दियो। कोठाको झ्याल ठूलै छ तर भ्यान्टिलेशन बाहेक प्रकाश र हावा आउने कुनै ठाउँ छैन। कोठाको भित्ताभरि र गतको ताती थियो। उडुस मारिराखेको होला। मलाई झ्यालनिर सुत्न दियो।

मनमा अनेकौं कुरा खेलाउँदै आधार ातसम्म नसुतिकन बसें। ती बच्चाहरूले ममाथि त्यस्तो झूठो आरोप किन लगाएको होला ? घरमा श्रीमती हाइब्लड प्रेशरको रोगी। उनले कसरी मन थामे होलिन ? मेरा दाजु भाइ, इष्टमित्रहरूले के सोचे होलान ? मेरो जिन्दगी जेलमै बित्ने हो कि। कहिल्यै यस्तो फण्डामा नपरेको मान्छे। अरूहरूलाई प्रहरी समात्दा म छुडाउन जान्थें। आज मलाई कसैले छुडाउन आएन। कुनबेला निदाएँ थाहा नै पाइन।

क्रमशः.....

# संयुक्त कीर्तिपुर महिला बचत तथा ऋण सहकारीको प्रथम साधारण सभा

कीर्तिपुर सन्देश/महिला जागरण तथा विकास केन्द्र (CWED) का प्रतिनिधि अधिवक्ता अनुपा पन्तको प्रमुख आतिथ्यमा यहि श्रावण ७ गते पाँगाको सेतो गुराँसमा संयुक्त कीर्तिपुर महिला बचत तथा ऋण सहकारी संस्था लिंको प्रथम साधारणसभा सम्पन्न भयो ।

अमिता डंगोलले संचालन गर्नु भएको उक्त सभाको सभापतित्व जयन्ती बज्राचार्यले गर्नुभएको थियो ।

स्वागत मन्तव्य दिने क्रममा मन्दिरा महर्जनले उक्त साधारणसभामा उपस्थित सबैलाई स्वागत गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनलाई एकिकृत गरी महिला उत्थानको लागि यो सहकारी स्थापना गरिएको बताउनु भयो । एकका लागि सबैजना सबैको लागि एकजना भन्ने सिद्धान्तलाई अंगिकार गरि २०६८ साल बैशाख ५ गते सहकारी ऐन अनुसार यो सहकारी दर्ता गरिएको बताउनु भयो ।

उक्त सहकारी संस्थाको परिचय दिने क्रममा सभापति जयन्ती बज्राचार्यले शिक्षा, स्वास्थ्यमा महिलाको पहुँच हुन सकिरहेको छैन । महिला वर्ग पछाडि परेको हुनाले महिला उत्थानको लागि महिलाहरू द्वारानै स्थापित यो संस्थालाई कीर्तिपुर नगर भरिका महिलाहरूको साझा चौतारीको रुपमा विकसित गर्दै लैजाने उद्देश्य रहेको बताउनु भयो । बगैंचा राम्रो हुन माली राम्रो हुनुपर्छ भनेझैं संस्थालाई राम्रो बनाउन सबैको उतिकै सहयोगको अपेक्षा गर्नु भयो ।

अतिथिको आसनबाट पाँगा बहुउद्देश्यिय सहकारी संस्था लि.का अध्यक्ष शंकर डंगोलले महिला महिला मिलेर सहकारी संस्था खोल्नु सराहनीय कुरा हो । यसबाट कीर्तिपुर क्षेत्रमा महिला जागरण आएको साह्रै खुशीको कुरा हो भन्दै प्रगतिको शुभकामना दिनुभयो ।

पाँगा महिला बचत तथा ऋण सहकारी संस्था लि.का प्रतिनिधि चन्द्रमाया महर्जनले पाँगा बहुउद्देश्यीय सहकारी सस्थाका महिला शेयर धनीहरू र महिला जागरण तथा विकास केन्द्रको सहयोगमा स्थापना भएको यो संस्थाले कीर्तिपुर नगर क्षेत्रका सम्पूर्ण महिला समुहहरूलाई समेटेर हिसाव किताव कसरी राख्ने सिकाउन प्रयास गर्ने र उनीहरूको बचतलाई सदुपयोग गर्नु पर्ने बताउनु भयो । प्रमुख अतिथीको आसनबाट बोल्दै अधिवक्ता अनुपमा पन्तले महिला आर्थिक सशक्तिकरणको लागि प्रयास हो । महिला जागरण तथा विकास केन्द्रले यस सहकारीका सदस्यहरूलाई मैनबती तालिम दिएर उत्पादन पनि गरिसकेको र त्यस उत्पादित सामानले बजार पनि पाएको बताउनु भयो ।





संयुक्त कीर्तिपुर महिला बचत तथा ऋण सहकारी लिमिटेडको प्रथम साधारण सभामा आफ्नो शेयर प्रममाणपत्र लिइसकेपछि सामुहिक फोटो खिचाउँदै साथै सो कार्यक्रममा सभापति र प्रमुख अतिथि

त्यस्तै महिला प्रजनन स्वास्थ्यको बारेमा पनि तालिम दिइसकेको जानकारी दिनुभयो । त्यसै अवसरमा शेयर प्रमाण पत्र पनि वितरण गरिएको थियो । दोस्रो वन्द सत्रमा पदाधिकारीको पनि सर्वसम्मतीबाट चयन गरिएको थियो ।

जसमा अध्यक्ष कमला महर्जन (मन्दिरा), उपाध्यक्ष जयन्ती बज्राचार्य, सचिव अमीता डंगोल, कोषाध्यक्ष अमरा महर्जन, सदस्यहरूमा रत्नेश्वरी श्रेष्ठ, कृष्णकुमारी महर्जन, कृष्णकुमारी कपाली, सुभद्रा महर्जन, पुनमाया महर्जन, रामदेवी महर्जन, बीष्णुमाया महर्जन रहेको छ ।

विभिन्न उपसमितिहरूको पनि गठन गरिएको थियो । जसमा ऋण उपसमिति संयोजक रामदेवी महर्जन, सदस्यमा मैंया महर्जन, रत्नमाया डंगोल, शिक्षा उपसमिति संयोजक रत्नेश्वरी श्रेष्ठ, सदस्यमा दिलु महर्जन, केवन केशरी महर्जन, लेखा समिति संयोजक रोशनी महर्जन, सदस्यमा उर्मिला महर्जन, न्हुच्छेमाया महर्जन रहनु भएको छ ।

## बिचाः हायेकाः समवेदना

कीर्तिपुर सन्देश साप्ताहिकका सहयोगी लनगोलका जुजुभाई महर्जनका पिता **रामचन्द्र महर्जन** ६६ बर्षको उमेरमा असामयिक निधन भएकोमा शोक सन्तप्त परिवार जन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।



**स्व. रामचन्द्र महर्जन**
जन्म : ने.सं. १०६५ चौलाथ्व प्रतिपदा
स्वर्गारोहण : ने.सं.११३१ दिलाथ्व प्रतिपदा (असार ३२)

नेपालभाषाया ज्वजलपा वाःपौया स्तम्भकार नापं च्वमि लनगवःया जुजुभाई महर्जनया अबु **रामचन्द्र महर्जन** ६६ दँय् आकाझाकां मदुगुलिं दुःखंकःपिं छँजःपिन्त धैर्य धारणा यायेे फयेमाः धकाः बिचाः हायेकाच्वना ।

कीर्तिपुर सन्देश शाप्ताहिक परिवार कीर्तिपुर

नेपालभाषाया ज्वजलपा वाःपौ सकल जःः, किपू

## साउन ३२ गते कीर्तिपुर सन्देशमा बाघभैरब जात्रा विशेष अंक




आजु द्यः / बाघभैरब

- भाद्र १ गते बाघभैरब जात्रा कसरी गरिन्छ ?
- बाघभैरब जात्राका विशेषताहरु ?
- बाघभैरबको तीन छुट्टा छुट्टै मूर्ति ?
- आजु द्यःबाट बाघभैरब कसरी भयो ?

बाघभैरब जात्रा विशेष अंकमा तपाईले शुभकामना, विज्ञापन तथा सन्देशहरु दिन चाहानुहुन्छ भने हामीलाई सर्म्पक गर्नुहोला ।

**कीर्तिपुर सन्देश** साप्ताहिक

फोन ४३३३००७, ९८४१४०१०७७ kirtipur_sandesh@live.com

## वहिस्करणमा पारिएका समुदायको दृष्टिमा

# संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान

## संघीय कार्यपालिका

**नेपालको संघीय कार्यकारिणी अधिकार यो संविधान र अन्य कानुन बमोजिम प्रधानमन्त्री र संघीय मन्त्रिपरिषदमा निहित हुनेछ ।**

**२) यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको संघीय शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद उपर हुनेछ ।**

**४०.राष्ट्राध्यक्ष :** राष्ट्राध्यक्ष संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रप्रमुख हुने छ ।

**४१. राष्ट्राध्यक्षको निर्वाचन :** राष्ट्राध्यक्ष संघीय व्यवस्थापिकाका दुवै सदन, प्रान्तीय व्यवस्थापिकाका दुवै सदन, गैरभौगोलिक संघीय इकाइ, स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रका प्रतिनिधिहरूमार्फत निर्वाचित हुनेछन ।

१) राष्ट्राध्यक्षको निर्वाचनमा आदिवासी जनजाति, मुस्लिम, दलित, मधेसीलगायत अन्य समुदायका व्यक्तिहरूको चक्रिय प्रणाली मार्फत प्रतिनिधित्व हुने गरी पालैपालो राष्ट्राध्यक्ष निर्वाचित गरिने । यस निर्वाचन प्रणाली अन्तर्गत ति समुदायहरूबाटै लैङ्गिकरुपमा पालैपालो निर्वाचित हुने व्यवस्था गरिने छ ।

२) राष्ट्राध्यक्ष संघीय जनप्रतिनिधि सभा वा जातीय सभाको सदस्य हुने छैनन ।

**४२. राष्ट्राध्यक्षको पदावधि** : १) राष्ट्राध्यक्ष पाँच वर्षको लागि निर्वाचित भइसकेको व्यक्ति तथा (समुदाय)ले त्यसपछि हुने निर्वाचनमा चक्रिय प्रणाली बमोजिम आफ्नो पालो नआएसम्म उमेदवार हुन पाइने छैन ।

२) राष्ट्राध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछ :

क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा वा

ख) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव संघीय जनप्रतिनिधि सभा र संघीय सभाको संयुक्त सभाको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा ।

**४३.राष्ट्राध्यक्षको शपथ** : राष्ट्राध्यक्षले संघीय संयुक्त सदनमा संघीय प्रधान न्यायाधिश समक्ष शपथ ग्रहण गर्ने छ ।

**४४. राष्ट्राध्यक्षको काम, कर्तव्य, अधिकार** : राष्ट्राध्यक्षको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

१.मन्त्रीपरिषदको सिफारिसमा संघीय संसदको अधिवेशन आव्हान र अन्त्य गर्ने । २) संघीय सरकारको तर्फबाट विदेशी राजदूत तथा प्रतिनिधिहरूको ओहदाको प्रमाणपत्र ग्रहण गर्ने ।

३. संघीय संसदले पारित गरेका विधेयक स्वीकृत गरी लालमोहर लगाउने ।

४. मन्त्रीपरिषदको सिफारिसमा संविधान तथा कानून बमोजिम नियुक्ति गर्नु पर्ने पदाधिकारी–हरूको नियुक्ति गर्ने ।

५. नेपाल सेनाको परमाधिपतिको पद ग्रहण गर्ने ।

६. मन्त्रीपरिषदको सिफारिसमा राष्ट्रिय पुरस्कार, विभूषण मानपदवी, अलङ्कार प्रदान गर्ने ।

७. मन्त्रिपरिषदको सिफारिसमा अदालतबाट पाएका सजायँलाई माफी मुलतबी र परिवर्तन गर्ने ।

८. यस संविधान बमोजिम राष्ट्रपतिले आफ्नो अधिकार प्रयोग गर्दा मन्त्रीपरिषदको सल्लाह र सम्मतिबाट गर्नेछ ।

**४५.कार्यकारिणी अधिकार** : १) नेपालको संघीय कार्यकारिणी अधिकार यो संविधान र अन्य कानुन बमोजिम प्रधानमन्त्री र संघीय मन्त्रिपरिषदमा निहित हुनेछ ।

२) यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको संघीय शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद उपर हुनेछ ।

३) नेपालको संघीय कार्यकारिणी कामहरू नेपालको संघीय सरकारको नाममा हुनेछ ।

क्रमशः.............


## हार्दिक श्रद्धाञ्जली



स्व. रामचन्द्र महर्जन

जन्म :
ने.सं. १०६५
चौलाथ्व प्रतिपदा
स्वर्गारोहण :
ने.सं.११३१
दिलाथ्व प्रतिपदा
(असार ३२)

यस विद्यालयका प्रधानाध्यापक श्री जुजुभाइ महर्जनका पुज्य पिता **रामचन्द्र महर्जन**को असामयिक निधनमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवाजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

आदिनाथ माध्यामिक विद्यालय
चोभार कीर्तिपुर –१४

## सूचना

**जनसेवा उच्च माध्यमिक विद्यालय**को संयोजकत्वमा वि.सं. २०५३ मा **रत्न पुस्तक भण्डार**, बागबजार र **मण्डला बुक प्वाइन्ट**, कान्तिपथद्धारा स्थापित **हर्ष–रत्न पुरस्कार**को

**पन्ध्रौं हर्ष-रत्न पुरस्कार**
**र**
**एघारौं मण्डला सिरपाः**

वितरण कार्यक्रम हुने भएकोले आ–आफ्नो विद्यालयबाट सिफारिस गरिएका की.न.पा.का संस्थागत र सामुदायिक विद्यालयहरुबाट २०६७ सालको **S.L.C.** परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्न सफल हुने **एक छात्र र एक छात्रा** उपस्थितिको लागि हार्दिक निमन्त्रणा गरिन्छ, साथै **प्राचार्य, सहभागि विद्यालयहरू तथा शिक्षाप्रेमीहरू** सबैलाई पनि आमन्त्रण गरिन्छ ।

**कार्यक्रम**
मिति :२०६८ श्रावण १४ गते शनिवार
समय : विहान ८:३० बजे
स्थान : विद्यालय प्राङ्गण

**प्राचार्य तथा विद्यालय परिवार**
**जनसेवा उच्च माध्यमिक विद्यालय**
की.न.पा.-१२, पाँगा, दथल टोल
फोन: ४-३३०८८०,४-३३१९८२
मोवाइल : ९८५१०८७७३०

# कीर्तिपुर नगरपालिकामा अल्टिमेटमैं अल्टिमेटम....

कर्मचारीहरूले नगर–पालिकामा पूरा अवधि बसेर काम नगर्ने, काममा ढिलासुस्ती, नगरपालिका भित्र अनियमितता र अपारदर्शि ढंगले काम भइ–रहेको भन्ने गुनासो आएकोले त्यस्ता अनियमिततालाई नियन्त्रण गर्न परिषदले कर्मचा–रीहरूमा इमान्दारीता बोध होस भनेर साहसिक निर्णय गरेको हो ।

दुई महिनासम्मको लागि भत्ता र तेल सुविधा निलम्बन मात्र गरेको हो हटाएको होइन । दुई महिनाको अनुगमनपछि उचित निर्णय गरिने छ ।

तर कर्मचारीहरूले दुई महिना पनि नपर्खी विरोधको स्वर उठाउनु उचित समयको निर्णय भएन । कार्यालयमा नियमित उपस्थित हुने, जनताको काममा इमान्दारीता देखाएर जनताबाट उठाएको करबाट जनतालाई के दिन सक्छौं भन्ने सवाललाई केन्द्रमा राखेर काम गऱ्यो भने दुई महिना पछि फुकुवा हुनसक्छ । राजनैतिक–दलले पुर्वाग्रही भएर निर्णय गरेको होइन ।

शक्तिशाली अनुगमन समिति बनाउने कुरो राजनैतिक संयन्त्रको बैठक बस्न नसकेकोले बनाउन नसकेको हो ।

संयोजकले वास्ता नगरेको कारण अब न.पा.ले नै पहल गर्नु पऱ्यो । नगर परिषदमा महिला प्रतिनिधी नहुनु दलको गल्ति हो तर नगरपरिषदलाई नै अवैधानिक भन्न मिल्दैन ।'

लक्ष्मीकुमार महर्जन (प्रतिनिधी एमाले) 'एमाले पार्टीले कर्मचारीहरू प्रति कुनै पुर्वाग्रही भएर यो निर्णय गरि एको होइन । एमाले पार्टीले राष्ट्रियस्तरमै ४२ प्रतिशत तलव बढाई दिएको सर्वविदितै छ । एमालेलाई यो पनि थाहा छ कि कर्मचारीलाई अलग्ग राखेर काम हुन सक्दैन ।

१२ प्रतिशत प्रोत्साहन भत्ता लिने तर जनताले खोजेको बेला कर्मचारी कार्यालयमा नहुने । कार्यालय समयमा व्यक्तिगत काममा जानेलाई के को तेल खर्च दिने ? त्यो पनि दुई महिनाभित्र अनुगमन गरी निर्णय लिने भन्दाभन्दै राजनैतिक संयन्त्रप्रति अविश्वास गरेर अल्टिमेटम दिनु कर्मचारीको गल्ति हो । ११ जना कर्मचा–रीको सम्बन्धमा पनि प्रकृया पुऱ्याएर स्थायी गर्नु पर्नेलाई स्थायी गर्नुपऱ्यो । कर्मचारी भर्ना गर्ने बेलामा आफु खुशी भर्ना गर्ने अहिले आएर दलिय संयन्त्रलाई दोष दिन मिल्छ ? के नगरपालिकाले कर्मचारी भर्ना गर्दा कहिले विज्ञापन निकालेको छ ? कुरो के हो भने एमाले पार्टी सदैव कर्मचारीको पक्षमा छ अहिले जुन निर्णय हुन्छ त्यो पनि कर्मचारीकै पक्षमा हुन्छ । कर्मचारीले पनि लिने मात्र होइन आफूले काम पनि गरेर जनतालाई सुविधा दिनु पऱ्यो ।'

नारायण महर्जन (प्रतिनिधी नेमकिपा) – '१६ औं नगर–परिषदले कर्मचारीको प्रोत्साहन भत्ता र तेल सुविधा कटौती गर को होइन निलम्बन गरेको हो । शक्तिशाली अनुगमन समिति बनाई अनुगमन गरी दुई महिना भित्रमा निर्णय गर्ने सहमति भएको हो । तर अहिलेसम्म अनुगमन समिति बनेको छैन । अनुगमन कसले गर्ने ? तर दुई महिना नपुग्दै कर्मचारीले अल्टिमेटम दिनु ठिक छैन । ११ जना कर्मचारीको सम्बन्धमा पहिले पनि आयोग बनाएर निर्णय गर्ने भनेको थियो । कहिल्यै आयोग बनेन त्यसैले छिट्टै आयोग बनाएर निर्णय गर्नुपऱ्यो । राजनैतिक संयन्त्रको बैठक छिट्टै बोलाएर छलफल गरी समस्याको समाधान गर्नुपऱ्यो । नगरपरिषदमा ५/५ जना प्रतिनिधी ल्याउने मात्र भन्यो । त्यसमा महिला सहभागीता पनि अनिवार्य भनेन त्यसैले महिला प्रतिनिधी नभएको हो । त्यसैले यो कुरालाई लिएर नगरपरिषदनै अवैधानिक भन्न मिल्दैन ।'




भत्क्यापाटीका स्थानीयवासीको मागप्रति सम्वोधन गर्दै कार्यकारी अधिकृत र सो कार्यक्रममा सहभागी स्थानीयवासी

## नगरपालिकामा तालावन्दी

कीर्तिपुर सन्देश/ श्रावण ८ गते आइतवार विकास निर्माणको कामको बारेमा छलफल गर्न विशेष गरेर कीनपा वडा नं.७, ८,१२ वडाका जनताहरू स्वत:स्फुर्त रुपमा नगरपालिकामा पुगे । तर त्यहाँ कार्यकारी अधिकृत नभेटेपछि जनताले कार्यालयको दुईटा ढोकामा तालावन्दी गरिदिए । त्यसको ठिक २ घण्टाभित्र प्रहरी आइ सो ताला तोडियो । त्यतिबेला तालावन्दी गर्नेहरू त्यहाँ कोही उपस्थित थिएन । त्यसैले कुनै किसिमको अप्रिय घटना भएन ।

श्रावण ९ गते सोमबार कीनपा वडा नं.१२ वडा कार्यालयको प्राांगणमा जनसभा भयो । उक्त जनसभामा सबै राजनैतिक पार्टीका कार्यकर्ताको उपस्थिती थियो । तर नेतृत्व कसैले गरेको देखिएन । जनताले गरेकै देखियो । त्यस सभामा नगरपालिकाका कार्यकारी अधिकृत अन्जन न्यौपाने, लेखा अधिकृत सानुबाबु परियार, ईन्जिनियर बालकृष्ण महर्जन, ई. कृष्णभोला महर्जन लगायतको उपस्थिति थियो । जनताको तर्फबाट आफ्नो मांग प्रस्तुत गरे । त्यसको जवाफमा कार्य–कारी अधिकृतले एउटा समिति बनाई लिखित रुपमा माग पत्र लिएर आउन भन्नुभयो ।

श्रावण १० गते मंगलवार वडा नं. ७,८,१२ का तीन तीन जना प्रतिनिधी, वडा नं. ११, १२,१५ र १९ का एक एक जना प्रतिनिधी नगर पालिकामा वार्ता गर्न आए । उहाँहरूले प्रस्तुत गर्नु भएका मुख्य मांगहरू यस प्रकार छन ।

१) नगाउँ दोवाटोदेखि पुष्पलाल प्रतिष्ठान र दूधपोख–रीसम्म आवश्यक ठाउँमा ढलान र बाँकी ठाउँमा कालोपत्रे गर्ने । साझा पसल मसला चौर, पानी ट्याँकी हुँदै पुष्पलाल प्रतिष्ठान जोड्ने बाटो कालो पत्रे गर्नुपर्ने ।

२) भत्केकोपाटी अधिकारी गाउँ, जाखा हुँदै जनसेवा स्कूलसम्म, भत्केकोपाटीदेखि विष्टगाउँ हुँदै सिमसम्म, बाँसको झाँडदेखि तल्लो गाम्चासम्म र चम्पादेवी पाउदेखि वोसन जाने बाटो, चम्पादेवी पाऊदेखि श्रीपाली वस्नेत गाउँ हुँदै तीन–धारेसम्मको सडकलाई फराकिलो पारी पिच गर्नुपर्ने ।

३) स्थानीय वासिन्दाले बनाएको नयाँ मोटर बाटाहरू वडा नं. ७,८,११,१२,१५ र १९ मा जति छन त्यसमा ग्राभेल गर्नु पर्ने ।

४) ढल निकासको लागि भविष्यसम्मको योजना तयार गरि ढल निकासको व्यवस्था गर्नु पर्ने ।

५) पर्यटन विकासको लागि चम्पादेवी मन्दिरसम्म पर्यकहरूलाई सुविधा हुने गरि गोरेटो घोडेटो बाटो तथा ठाउँ ठाउँमा विश्रामस्थल निर्माण गर्नुपर्ने ।

६) परापुर्वकालदेखी रहेका भएका मठ मन्दिर आदिहरूको संरक्षण एवं जिर्णोद्धार गर्ने ।

७) नगरपालिका भित्र रहेका पानीका मुहानहरूको संरक्षण गर्नुपर्ने इत्यादि रहेका छन् ।

उक्त बैठकपछि कार्यकारी अधिकृतले तत्काल गर्न सक्ने काम गर्ने र अरू राजनैतिक संयन्त्रसँग छलफल गरी निर्णय गर्ने र कार्यान्वयन गर्ने वचन दिनुभयो ।


हार्दिक बधाई



यस कीर्तिपुर माध्यमिक विद्यालयका भू.पु. विद्यार्थी एवम भू.पु.नेपालभाषा शिक्षक तथा कला शिक्षक **श्री कमलेश महर्जन**लाई नेपाल सरकारद्वारा २०६७ को कला तर्फ मध्यमाञ्चल क्षेत्रीय प्रतिभा पुरस्कार प्राप्त गर्न सफल हुनु भएकोमा उहाँको उत्तरोतर प्रगतिको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

कीर्तिपुर माध्यमिक विद्यालय परिवार

बाहिरगाँउ, कीर्तिपुर १७

# कीर्तिपुरमा घण्टाकर्ण र लाखे नाच



**भूत विसर्जन गरी आउनेलाई प्रसाद ग्रहण गर्न दिइन्छ र त्यसपछि मात्र घरमा पस्ने गरिन्छ। घण्टाकर्ण अर्थात गथामुगः चाडलाई रोपाईपछिको आफ्नो गाउँठाउँमा सरसफाई गरी फोहरलाई भूतको प्रतीक मानी विसर्जन गर्ने चाडको रुपमा लिन सकिन्छ साथै रोपाईको समयमा सांस्कृतिक बाजागाजाबाट अलग बसेका नेवार समुदायले सो दिनदेखिनै सांस्कृतिक बाजा बजाउनुका साथै मनोरंजनका लागि बेलुका लाखे नाच निकाल्ने गरिन्छ। कीर्तिपुरका पाँगा, नगाउँ, इटागोल, चोभार लागाएतका स्थानमा लाखे नाच निकाल्ने गरिन्छ। सो लाखे नाच कृष्णअष्टमी सम्म टोल टोलमा देखाइने गरिन्छ।**

**श्रीकृष्ण महर्जन**

उपत्यकाका आदिवासी नेवार समुदायले प्रत्येक वर्ष मनाईने सांस्कृतिक जात्रा पर्व तथा चाड पर्वहरू मध्ये गथांमुगः चःह्रे अर्थात घण्टाकर्ण सवैभन्दा पहिला मनाईने गरिन्छ। विशेष गरी रोपाई सकिएपछि मनाईने सो चाडलाई केटाहरूको चाड अर्थात काय्मचा नखः पनि भन्ने गरिन्छ।

गथामुगः चाड मनाउनका लागि विहान घरघरमा लिपपोत गर्नुका साथै नुहाइ धुवाइ समेत गर्ने गरिन्छ।

ऐतिहासिक नगरमा लोप भइसकेको कीर्तिपुर नगर पालिका वडा नं. १ मा पर्ने थांबहाल टोलमा रहेको ग्वाः पुखू अर्थात गोपाल पोखरीमा विशेष पूजाआजा पछि मात्र टोल टोलमा राखिएका घण्टाकर्णलाई केटाहरूले तानेर लगी विसर्जन गर्ने गरिन्छ। कीर्तिपुरको बाघभैरवस्थान, तुंभ्गोल, बाकुननि, कुतुभ्ह्वल, लाय्कू पाघु टोल लगायतका स्थानमा विहानै नर्कटको घण्टाकर्ण राखिने चलन रहेको छ।

घण्टाकर्णलाई विसर्जन गरे पछि केटाहरू आ-आफ्नो नजिकको पोखरीमा नुवाई धुवाई गरेपछि मात्र घरमा जाने प्रचलन रहेको छ। घण्टाकर्ण अर्थात गथांमुगःलाई भूतको प्रतिक मानिन्छ। त्यसै गरी सो दिन बेलुकी घर घरवाट पनि भूत फाल्ने भनेर छ्वाली बाली दोवाटोमा लगी बाल्ने गरीन्छ। सो क्रममा विभिन्न विरुवाहरू जस्तो सिस्नु, भोटो लगायत समेत राखी लाने गरिन्छ। त्यस्तै गरी घर घरमा प्रत्येक कोठाका चारै कुनाको माटो, लामखुट्टेलाई पनि पालामा राखेर सलिं अर्थात माटोको पालामा राखेर लाने गरिन्छ। सो कार्यलाई भूत वायेगु अर्थात भूतलाई विसर्ज गर्ने भनिन्छ।

भूत विसर्जन गरी आउनेलाई प्रसाद ग्रहण गर्न दिइन्छ र त्यसपछि मात्र घरमा पस्ने गरिन्छ। घण्टाकर्ण अर्थात गथामुगः चाडलाई रोपाईपछिको आफ्नो गाउँठाउँमा सरसफाई गरी फोहरलाई भूतको प्रतीक मानी विसर्जन गर्ने चाडको रुपमा लिन सकिन्छ साथै रोपाईको समयमा सांस्कृतिक बाजागाजाबाट अलग बसेका नेवार समुदायले सो दिनदेखिनै सांस्कृतिक बाजा बजाउनुका साथै मनोरंजनका लागि बेलुका लाखे नाच निकाल्ने गरिन्छ। कीर्तिपुरका पाँगा, नगाउँ, इटागोल, चोभार लागायतका स्थानमा लाखे नाच निकाल्ने गरिन्छ। सो लाखे नाच कृष्णअष्टमी सम्म टोल टोलमा देखाइने गरिन्छ।

केही भै घण्टाकर्णको दिनसम्म पनि रोपाईं नसिद्धिएका परिवारले भने जनैपूर्णिमाको दिनमा गथामुगः चाड मनाउने चलन रही आएको छ।

गथामुगःदेखिनै प्रत्येक हप्तामा गाईजात्रासम्म विभिन्न चाड पर्वहरू मनाउने गरिन्छ।



## नेवाः समुदायको मनोरञ्जन हाः हाः लाखे

# मंगलको मंगल कामना



**एसएलसी पास विद्यार्थीहरु सम्मान कार्यक्रम पछि सामुहिक फोटो खिचाउदै**

कीर्तिपुर सन्देश / नयाँबजार कीर्तिपुरस्थित मंगल उच्च माध्यमिक विद्यालयले एस.एल.सी. २०६७ मा सफल विद्यार्थीहरूलाई एक कार्यक्रम सहित विदाई तथा सम्मान गरियो। श्रावण ६ गते विद्यालयको सभाहलमा आयोजित कार्यक्रमको सभासद दिलिप महर्जनले पानसमा ज्योति प्रज्वलन गरी उद्घाटन गर्नुभयो।

सिरपा र कृति महर्जनले संचालन गर्नुभएको उक्त कार्यक्रमको सभापतित्व कक्षा १० का प्रथम विद्यार्थी विज्ञान घिमिरेले गर्नुभएको थियो।

स्वागत मन्तव्य दिंदै स.प्र.अ. लोकलाल महर्जनले यस साल विद्यालयले डे बोर्डर चलाउँदा शिक्षक/शिक्षिका र अभिभावकहरूले पनि त्यतिकै सहयोग गर्नु भएकोले यति सफल हुन सम्भव भएको बताउनु भयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. शिवशरण महर्जनले मंगल उच्च मा.वि.ले नर्सरीदेखिनै नीजि विद्यालयमाझै अंग्रेजी माध्यमबाट पढाउने गरेकोले कम पैसामा नीजि विद्यालयको स्तरमा पढाउन पाउँदा अभिभावकहरू आकर्षित भएका छन। अभिभावक वर्गले विश्वास गर्नु भएझै विद्यालयका शिक्षक शिक्षीकाहरूले पनि मेहनत गरेकोले यति सफल हुन सकेको हो।

मंगल उच्च मा.वि. लाई कीर्तिपुर क्षेत्रकै एउटा प्रमुख शैक्षिक केन्द्र बनाउने उद्देश्य रहेको बताउनु भयो। विद्यालयको भौतिक पूर्वाधार विकास गर्न नगर विकास कोषबाट १५ वर्षमा सावाँ ब्याज तिर्ने गरी ६ करोड रुपैयाँ ऋण लिन लागेको बताउँदै कीर्तिपुरमा कृयाशील सम्पूर्ण राजनैतिक पार्टीहरूबाट सहयोग प्राप्त हुने आशा व्यक्त गर्नुभयो।

कीर्तिपुरको सार्वजनिक विद्यालय मंगल उच्च मा. वि. ले२०५८ र २०६१ मा गरी दुई पटक राष्ट्रिय पुरस्कार जित्न सफल भएको जानकारी दिनुभयो।

उक्त कार्यक्रममा नेकपा एमालेको तर्फबाट सुरेन्द्र मानन्धर, नेमकिपाबाट नारायण महर्जन र एमाओवादीको तर्फबाट शम्भुराम महर्जनले आ-आफ्नो विचार राख्नु भएको थियो।प्रमुख अतिथी दिलिप महर्जनले नीजि विद्यालयमा पढाउननसकेका विद्यार्थीहरूलाई मंगलले नीजि विद्यालयसरह नै शिक्षा दिएर सराहनीय काम गर्नु भएकोमा प्रशंसा गर्नुभयो र मंगलको भौतिक पुर्वाधार विकासको लागि नगर कोषबाट लिन लागेको ऋणमा आफ्नो समर्थन रहेको जानकारी दिंदै मंगल स्कुलको अझ मंगल होस भन्ने कामना गर्नुभयो। उक्त कार्यक्रममा विद्यालयका टप टेनलाई प्रमुख अतिथी दिलिप महर्जनले सम्मान गर्नुभएको थियो भने बाँकीलाई विशेष अतिथी उपसचिव दुर्गा प्रसाईले सम्मान गर्नु भएको थियो।

अष्टमाया गणित पुरस्कार धनमाया महर्जनले मिश्री बुढामगरलाई प्रदान गरियो। जनजाती विद्यार्थीहरूमा उत्कृष्ट हुन सफललाई दिइने मुनी आशारत्न पुरस्कार स्वयंभुरत्न बज्राचार्यले रिवेश श्रेष्ठ र मिश्री बुढामगरलाई प्रदान गर्नुभयो। स्कुल टपर एक जना छात्र र एक जना छात्रालाई दिइने शेर बहादुर पुरस्कार श्रीराम महर्जनले अश्वीनी ढकाल र रोजिना अधिकारीलाई जनही ३५००/-रु.प्रदान गर्नुभयो। विज्ञान विषयमा सबैभन्दा बढी अंक ल्याउने राजिना अधिकारीलाई रत्नवहादुर महर्जनले र अंग्रेजी टपरलाई दिइने पंचुलाल पुरस्कार रोजिना अधिकारीलाई धौमाया महर्जनले प्रदान गर्नुभयो।

स्कूल टपरलाई दिइने ओम पदक तथा नगद पुरस्कार मंगल उच्च मा.वि.का कोअर्डिनेटर सिद्धिवहादुर महर्जनले रोजिना अधिकारीलाई रु.५५५५/- प्रदान गर्नुभयो। त्यस्तै ज्ञान पुरस्कार पनि रोजिना अधिकारीलाई ज्ञानुराज महर्जनले प्रदान गर्नुभयो।

मंगल यल्मुनाइ एशोशियसनका अध्यक्ष अमन महर्जनले प्रमाणपत्र वितरण गर्नुभयो।मंगलबाट पास भएर मंगल उच्च मा.वि.मा नै एघार कक्षामा भर्ना भएका एक छात्र र एक छात्रालाई कलेज पोशाक उपहार बीएम टेलरका बुद्धि बहादुर मालीले अनिल मगर र वीनिता महर्जनलाई प्रदान गर्नुभयो। यसपाली २ वटा पुरस्कार पनि स्थापना गरियो। स.प्र.अ. लोकलाल महर्जनले साइन्स टपरलाई रु.३३३३/- पुरस्कार दिने घोषणा गर्नुभयो। त्यस्तै शिक्षक बचत कोषबाट टेस्ट परीक्षा र एस.एल.सी. परीक्षामा प्राप्तांकमा प्रगती गर्नेलाई प्रगती पुरस्कार रु.२२२२/- दिने घोषणा गरियो।

# नीलः सांस्कृतिक पुचःको कार्यक्रम हुने

कीर्तिपुर सन्देश / कीर्तिपुरमा सक्रिय नीलः सांस्कृतिक पुचःले विगतमाझैं यसपाली पनि गथांमुगः पछि कीर्तिपुर नगरपालिका क्षेत्रभित्र जहाँ जहाँ नेवार वस्ती छ त्यहाँ त्यहाँ गाईजात्रादेखि कृष्णाष्टमीसम्मको एक हप्तामा आफ्नो सांस्कृतिक कार्यक्रम गर्ने कुरा नीलः सांस्कृति पुचःका अध्यक्ष तेजमान बज्राचार्यले जानकारी दिनु भएको छ ।

उहाँका अनुसार कीर्तिपुर, पाँगा, नगाउँ, बोस्यां, क्वारः लनगोल, तकर्चा, चोभार, इटागोल, भाजंगल इत्यादि ठाउँमा कार्यक्रम प्रस्तुत गरिने छ । नीलः सांस्कृतिक पुचःले काठमाडौं उपत्यका र उपत्यका बाहिर समेत गरेर अहिलेसम्म १०९ स्थानमा आफ्नो कार्यक्रम प्रस्तुत गरिसकेका छन ।


## पाँगा मा.वि.को सूचना

शैक्षिक वर्ष २०६७ सालको एस.एल.सी. परीक्षामा उतीर्ण हुने विद्यार्थीहरूको लागि यही २०६८ साल श्रावण १४ गते दिनको २ बजे हुन गइरहेको अभिनन्दन समारोहमा सम्बन्धित अभिभावक तथा विद्यार्थीहरूको जानकारीको लागि अनुरोध गर्दछौं ।

प्रधानाध्यापक

पाँगा मा.वि., शहिद पथ पाँगा

## SUHANA CATERING SERVICE

Tyangla, Kirtipur

नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस् ।

Buffet Dinners Luncheons, B.B.Q.S etc

Sudarsan Karki

(Mobile 9841461573, 9803910869, 433447)


## हार्दिक समवेदना

यस बहुउद्देश्यीय सहकारी संस्था लि.को शेयरधनी तथा शिक्षा उपसमितिका संयोजक श्री जुजुभाइ महर्जनका पुज्य पिता **रामचन्द्र महर्जन**को असामयिक निधन भएकोमा शोक सन्तप्त परिवाजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।



जन्मः ने.सं. १०६५ चौलाथ्व प्रतिपदा (२००२ साल चैत्र)
स्वर्गारोहण : ने.सं.११३१ दिलाथ्व प्रतिपदा (२०६८ असार ३२)

पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार, पाँगा

# नेपाः राष्ट्रिय पार्टी कीर्तिपुरमा विस्तार



नेपाः राष्ट्रिय पार्टीको कीर्तिपुर नगर कमिटीमा नयाँ नेतृत्व चयन भएपछि सामुहिक फोटो सेसेन गर्दै नयाँ पदाधिकारीहरू

कीर्तिपुर सन्देश / देशका वर्तमान ठूला राजनैतिक दलहरू आपसी स्वार्थमा भुलेर देश र जनताको पक्षमा केही गर्न नसकी जनतालाई निरास पारिरहेको अवस्थामा नेपालका आदिवासी जनजाती तथा पछाडि पारिएका जनताको पक्षमा आवाज बुलन्द गर्न गठित नेपाः राष्ट्रिय पार्टीप्रति जनताको विश्वास बढ्न थालेको छ । यसैक्रममा दुई वर्षदेखि नेपाः राष्ट्रिय पार्टीले कीर्तिपुर क्षेत्रमा पार्टी विस्तार गर्न नसकिरहेको अवस्थामा हाल कीर्तिपुर नगरकमिटिलाई पुर्णता दिएको छ ।

श्रावण ७ गते सनिवार पार्टीको कीर्तिपुर कार्यालयमा बसेको पार्टी सदस्यहरूको भेलाले ११ सदश्यीय नगर कमिटि गठन गरिएको छ । जसमा अध्यक्ष : कृष्णहरि महर्जन, उपाध्यक्ष : तेजमान बज्राचार्य, सचिव : देवआनन्द महर्जन, उपसचिव : रबि च्यःला, कोषाध्यक्ष : रामभोला महर्जन, सदस्यहरूमा : अमीता महर्जन, जगदीश महर्जन, हिराबहादुर महर्जन, सरोज खडगी, सालिकराम महर्जन र कृष्णलाल महर्जन चयन भएका छन् ।

उक्त बैठकमा कीर्तिपुरका च्यःला समाजको पहिचानको लागि सांस्कृतिक बाजा खरिद गर्न सभासद बुद्धरत्न मानन्धरको सभासद कोषबाट रु.५०,०००/( (पचास हजार रुपैया) प्राप्त भएको अध्यक्ष कृष्णहरि महर्जनले जानकारी पनि दिनुभयो । साथै २०६७ सालको एस.एल.सी.परीक्षामा सफल भएका कीर्तिपुरका च्यःला समाजका छोरा/छोरीहरूलाई सम्मान गर्ने निर्णय पनि गरियो ।

उक्त पार्टीलाई कीर्तिपुर नगरपालिकाको राजनैतिक संयन्त्रमा सहभागी गराउन दवाव दिने निर्णय पनि गरियो ।

## कीर्तिपुर नगरपालिका कार्यालयको

### सेवाशुल्क, कर, दस्तुरका दरमा परिवर्तन गरिएको सम्वन्धी

## सार्वजनिक सूचना

यस कार्यालयको १६ औं नगर परिषदले आगामी आ.ब. २०६८/०६९ का लागि देहायका शिर्षकमा तपसिल बमोजिम करका दर कायम गर्ने गरी परिवर्तन भएको व्यहोरा सम्वन्धीत सवैमा जानकारीका लागि सूचित गरिन्छ । साथै बाँकीका हकमा साविक बमोजिम नै हुनेछ ।

तपशिल :

१) नेपाली नागरिकता सिफारिश प्रति व्यक्ति रु १०।( (रु दश मात्र)

२) घरबाटो/चारकिल्ला प्रमाणित (मालपोत कार्यालयले निर्धारित गरेको मूल्यको आधारमा निम्नानुसार दस्तुर लिने साथै यसरी कायम हुन आउने दर र न्यूनतम दरमा जुन बढी हुन्छ सोही दरमा कर असुल गर्ने ।)

| | | |
|---|---|---|
| क) | अँशवण्डा प्रयोजन | प्रति आना ०.१% |
| ख) | वित्तिय (धितो बन्धक) प्रयोजन | प्रति आना ०.२% |
| ग) | खरीद/बिक्रि प्रयोजन | प्रति आना ०.३% |

तर अशंवण्डाको हकमा रु ५०।– वित्तिय प्रयोजनका लागि रु १००।– र खरिद बिक्रिको लागि रु २००।– प्रति आना न्युनतम दस्तुर कायम गरिएको छ ।

३) नक्सापास दस्तुर (प्रति वर्ग फिट)

| | |
|---|---|
| व्यक्तिको हकमा | प्रति वर्गफुट रु ८।– |
| तथा संस्थागतको हकमा | प्रति वर्गफुट रु १५।– |

४) नगरपालिका तथा वडा कार्यालयद्वारा गरिने हरेक सिफारिश, घर जग्गा कर, घर वहालमा भएको र व्यवसाय भएको भए सो सम्बन्धि कर समेत चुक्ता भए पश्चात मात्र गरिने छ ।

www.kirtipur.gov.np / info@kirtipur.gov.np